"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

## नगर कार्यपालिका कार्यालय
## Office of Municipal Executive

पाँचखाल, काभ्रेपलान्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलान्चोक बागमती प्रदेश, नेपाल

प.सं./FY २०८१/०८२
च.नं./Ref. No.:

मिति: २०८२/०१/१२
ने.सं. ११४५ चौलागा, १२ शुक्रबार

### सूचना। सूचना।। सूचना।।।

यस पाँचखाल नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/कृषि संघ/संस्थाहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (२०८२/०१/२६ गते) भित्र कृषि तथा सहकारी शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नगरिने बेहोरा अनुरोध छ।

तपसिल

| क.सं. | कार्यक्रमको नाम | वितरण हुने यन्त्र | सङ्ख्या | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषि यान्त्रीकरण प्रवर्धन कार्यक्रम | मिनि टिल्लर | ११७ | ५०% अनुदान | -विगत २ (दुई) बर्ष देखि कुनै सरकारी तथा गैर सरकारी निकायबाट सोही प्रकृतिको अनुदान प्राप्त नगरेको कृषकहरु,<br>-आर्थिक रुपमा विपन्न कृषकहरु,<br>-पिछडिएका कृषकहरु,<br>-व्यवस्यायिक रुपमा खेती गरेका कृषकहरु,<br>-वैदेशिक रोजगारीबाट फर्किएर खेती गरेका कृषकहरु,<br>-उधमशील युवा कृषकहरुलाई प्राथमिकता दिइनेछ। |

आवश्यक कागजात:

१. कार्यालयले तोकेको ढाँचामा निवेदन
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुको नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (कैफियतमा उल्लिखित बुँदा मध्य भए सोको बेहोरा खुलाउने)
५. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको हकमा कार्यसमितिको निर्णय तथा अख्तियारी प्रदानको प्रतिलिपि
६. निवेदन पेस गर्नेको नागरिकताको प्रतिलिपि
७. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको करार गरिएको सम्झौता प्रमाणपत्र
८. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा गत दुई बर्ष अनुदान रकम नपाएको स्वघोषणा पत्र

(अच्युत राज रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

अच्युत राज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलाञ्चोक।

मिति:

विषयः कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रममा सहभागी गराइ पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०८२/०१/१२ मा प्रकाशित गरिएको सूचना बमोजिम कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रममा सहभागी हुनको लागि कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा तपसिल बमोजिमको कृषि उपकरणहरु प्राप्त गर्न ईच्छुक रहेकोले देहाय बमोजिमका कागजातहरु यसै पत्र साथ संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं।

तपसिल

| क्र.सं. | कृषि यन्त्र उपकरणको नाम | परिमाण | हाल खेती भइरहेको जग्गाको क्षेत्रफल(रोपनीमा) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

देहाय :

संलग्न कागजातहरु:

१. कार्यालयले तोकेको ढाँचामा निवेदन
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुको नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (कैफियतमा उल्लिखित बुँदा मध्य भए सोको बेहोरा खुलाउने)
५. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको हकमा कार्यसमितिको निर्णय तथा अख्तियारी प्रदानको प्रतिलिपि
६. निवेदन पेस गर्नेको नागरिकताको प्रतिलिपि
७. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको करार गरिएको सम्झौता प्रमाणपत्र
८. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा गत दुई बर्ष अनुदान रकम नपाएको स्वघोषणा पत्र

निवेदक

दस्तखत:

नाम:

ठेगाना:

सम्पर्क नं:

संस्थाको छाप:

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# प्रतिबद्धता पत्र

पाँचखाल नगरपालिकाको मिति २०८२/०१/१२ को सूचना अनुसार कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई आवेदन पेस गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा प्राप्त कृषि उपकरणको समुच्चित प्रयोग गर्नेछु/छौं र कम्तिमा ३ वर्ष सम्म निरन्तरता दिनेछु/छौं। सो अुनसारको कार्य नगरेमा वा ३ वर्ष अगावै सो कार्यहरु बन्द गरेमा वा बेचबिखन गरेमा पाँचखाल नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने बेहोरा तथा प्रतिबद्धताका साथै प्रस्तावित कार्यक्रमको लागि अन्य निकायबाट विगत दुई आर्थिक वर्ष देखि सहयोग प्राप्त नगरेको बेहोरा समेत स्वघोषणा गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

आनुदानग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
| --- | --- |
| | |